## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को मिति २०८२।०५।०३ गतेको निर्णयहरु :

१. विगतमा जिल्ला विपद् व्यवस्थापन समिति मोरङबाट भएका निर्णयहरु बैठकमा समिक्षा गरियो ।

२. गृह मन्त्रालय,योजना,अनुगमन तथा मूल्याङ्कन शाखा,सिंहदरवार,काठमाडौंको च.नं.१० मिति २०८२।०४।०६ को पत्रसाथ प्राप्त श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा मिति २०८२।०४।०५ गते बसेको सचिव बैठकको निर्णय नम्बर ४ अन्तर्गत विपद् व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने, गराउने ।

देहाय

(क) मनसूनजन्य विपद् व्यवस्थापनका लागि सरोकारवाला निकायहरु समन्वयात्मक रुपमा पूर्वतयारी तथा खोज, उद्धार र राहतका कार्यहरूमा परिचालित हुने, सडक डिभिजन लगायत सम्बन्धित निकायले लाइफलाइन सडकमा भएका अवरोध तत्काल हटाउने व्यवस्था मिलाउने ।

(ख) मनसुनको कारणवाट उत्पन्न हुन सक्ने सम्भावित विपद्लाई मध्यनजर गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरू अत्यावश्यक काममा वाहेक कार्यस्थल नछाडने र बिदामा नबस्ने। जिल्लास्थित कार्यालय प्रमुखहरूले प्रमुख जिल्ला अधिकारीसंग समन्वय नगरी बिदा नबस्ने ।

(ग) डेङ्गी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सबै सङ्घीय मन्त्रालय, निकाय तथा सबै प्रदेश सरकार एवं स्थानीय तहका कार्यालयहरूले डेङ्गी संक्रमण गराउने लामखुट्टेको बासस्थान र लार्भा खोज तथा नष्ट गर्ने उद्देश्यले आश्विन महिनासम्म हरेक शुक्रवार बिहान ९:३० बजेदेखि सरसफाई कार्यक्रम तथा प्रचार प्रसार अभियान सञ्चालन गर्ने।

(घ) सर्पदंशबाट हुने मृत्युदर घटाउन सचेतना, जोखिम न्यूनीकरण र उपचारको प्रभावकारी व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने/गराउने।

(ङ) यस वर्ष मधेश प्रदेशभर मनसुन याममा पानी नपरेको वा ज्यादै कम पानी परेको कारणले सिंचाइ सुविधा समेतको अभावमा धानबाली लगाउन कठिनाई भएको, वर्षा कम भै जमिनमुनीको पानी नआउँदा मधेस प्रदेशका विभिन्न स्थानमा खानेपानीको हाहाकार भै आम जनतामा सुख्खाजन्य विपद् उत्पन्न भएकोले खानेपानी तथा सिँचाइको तत्काल समस्या समाधानका लागि आवश्यक पहल र समन्वय गर्न गृह मन्त्रालयद्वारा मधेश प्रदेशका सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भएको।स्थानीय स्तरको पहलवाट समाधान हुन नसक्ने खानेपानी,कृषि तथा सिंचाइजन्य समस्या समाधानका लागि सरोकारवाला निकायहरुले समन्वयात्मक रुपमा आवश्यक सहजीकरण गर्ने

३. गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंको च.नं.११२ मिति २०८२।०४।२३ को प्राप्त पत्रानुसार विपदमा परी तत्काल हवाई माध्यमबाट खोज तथा उद्धार गर्ने व्यवस्थाका सम्बन्धमा मिति २०८१ चैत ७ गते बसेको विपद् जोखिम न्यूनीकरण तया व्यवस्थापन कार्यकारी समितिको ३०औं बैठकको निर्णय नं. ५ (क) मा 'विपदमा परेका व्यक्तिहरुको हवाई उद्धारका लागि तत्काल हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले हेलिकप्टर प्रयोग गर्नुपर्ने कारण खोली गृह मन्त्रालयमा अनुरोध गरी सो को जानकारी यस प्राधिकरणलाई दिने र सो बमोजिमको खर्च विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने भनी उल्लेख भएकोले विपदमा परी तत्काल हवाई माध्यमबाट खोज तथा उद्धार गर्नुपर्ने अवस्थामा हवाई उद्धारका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयलाई अनिवार्य रूपमा लेखी पठाउने र सो को बोधार्थ प्राधिकरणलाई समेत उपलब्ध गराउने व्यवस्थाका लागि लेखी आएको हुँदा सोही बमोजिम गर्ने ।

४. केरावारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरङको च.नं.२१४ मिति २०८२।०४।२७ को प्राप्त पत्रानुसार केरावारी गाउँपालिका वडा नं.५ भएर बग्ने बुढी खोलामा आएको बाढीका कारण खोला छेउ रहेका साकेला थान, आसपासको क्षेत्रको जरगा तथा नजिकका बस्ति, बुढी पुल मुनिको क्षेत्र साथै उक्त स्थानमा रहेको खानेपानी मुहान र माइलो कुलोको मुहान समेत क्षतिग्रस्त भएकोले उक्त क्षतिलाई नियन्त्रण गर्न आवश्यक तटबन्ध कार्यको लागि आर्थिक तथा प्राविधिक सहयोग गरिदिनु हुन भनी लेखी आएको हुँदा सोही बमोजिमको आवश्यक व्यवस्थाका लागि कोशी प्रदेश सरकार स्थित भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी सिंचाई तथा उर्जा मन्त्रालयलाई विपद् व्यवस्थापनमा सहयोग हुन अनुरोध गर्ने ।

## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को मिति २०८२।०५।०३ गतेको निर्णयहरु:

५. मिति २०८२/२/१ मा नेपाल घरेलु तथा साना उद्योग महासंघ बिराटनगरले संचालन गर्ने लघु घरेलु तथा साना उधमीहरुले उत्पादन गरेको स्वदेशी बस्तुहरुको एकिकृत बिक्री कक्ष संचालन गर्न प्रदेश स्तरिय कोशेली घर निर्माणका लागि साविक टंकिसिनुवारी वडा नं ३/ङ कित्ता नं. ६० को ११ (एघार) विघाँ जग्गा मध्येबाट १० (दश) कठ्ठा जग्गा उपलब्ध गराईदिन भूमिसुधार तथा मालपोत कार्यालयमा सिफारिस भएको सम्बन्धमा लिजमा लिन चाहेको उक्त जग्गा कानून बमोजिम हुने भएमा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने निर्णय गरियो ।

६. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङलाई साविक जिल्ला पंचायत मोरङ (हाल जिल्ला समन्वय समिति) को नाममा रहेको जिल्ला मोरङ साविक जतुवा कठकुप्पा वडा नं.८ को १ ख कि.नं.४०७ क्षेत्रफल ०-६-० (छ कठ्ठा) जग्गा उपलब्ध गराउने गरी जिल्ला सभा मोरङको निर्णयानुसार हस्तान्तरणको प्रक्रियामा रहेको उक्त जग्गा कानून बमोजिम हुने भएमा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने निर्णय गरियो ।

७. स्थानीय तहबाट Disaster Management को लागि निम्न सामाग्रीहरु खरिद गरी DDMC/DEOC वा स्थानीय प्रहरी/LEOC मा हस्तान्तरण गर्ने:-

| सि.नं. | उद्धार सामाग्री | इकाई | कैफियत |
|---|---|---|---|
| १ | त्रिपाल | १०० थान | |
| २ | फायर स्टीङ्गर | २५ थान | |
| ३ | डोरी | १००० मिटर | |
| ४ | हेल्मेट/गम्वुट | २५/२५ थान | |
| ५ | फायर ब्ल्याङ्केट | १० थान | |
| ६ | म्याट्रेस | ५० थान | |
| ७ | फस्ट एड वक्स | १० थान | |
| ८ | गैंती | १० थान | |
| ९ | लाइफ ज्याकेट | ३० थान | |
| १० | रेनकोट | २० थान | |
| ११ | छाता | २० थान | |
| १२ | टर्च लाइट | १० थान | |
| १३ | उड कटर | १ थान | |
| १४ | स्टेचर | ५ थान | |

८. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम संघीय क्षेत्राधिकारभित्र पर्ने तत्कालिन राहत स्थानीय तहले मापदण्डले तोके बमोजिम वितरण गरी सो को सोधभर्ना जिल्ला विपद् व्यवस्थापन समिति समक्ष माग गर्ने । स्थानीय विपद् व्यवस्थापन समितिको क्षेत्राधिकारभित्र पर्ने विषयमा स्थानीय तहकै विपद् कोषबाट राहत वितरण गर्ने ।

९. नेपाल रेडक्रस सोसाइटी, मोरङ शाखाको समन्वयमा अद्यावधिक गरिएको जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP), २०८२ अनुमोदन गर्ने निर्णय गरियो ।

१०. विपदजन्य घटनाबाट नदी कटान/डुवान नियन्त्रण जस्ता योजना वा कार्यक्रम माग गर्दा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित माग गर्न समय अभावका कारण सम्भव प्राय: नहुने भएकोले सचिवालय मार्फत सम्बन्धित निकायलाई सिफारिस गरी आगामी बैठकबाट अनुमोदन गर्ने ।

## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को मिति २०८२।०५।०३ गतेको निर्णयहरु :

११. सचिवालयबाट सिफारिस भएका निम्न योजना र कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लेटाङको च.नं. ३०५४ देखी ३०६७ मिति २०८२/०३/१७ को पत्रहरुबाट तटबन्धनको लागि तपसिल बमोजिम सिफारिस भई आएकाले उक्त स्थानमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८२ मा उल्लिखित नदिजन्य जोखिमका स्थलहरुमा प्राथमिकता साथ नदी नियन्त्रण/विपद् व्यबस्थापन कार्य बजेट/श्रोतको उपलब्धता बमोजिम आवश्यक व्यवस्थापनका लागि कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना विराटनगर मोरङलाई अनुरोध गर्ने ।

तपसिल

| सि.नं. | स्थानीय तह | ठेगाना | कामको विवरण | कै. |
|---|---|---|---|---|
| १. | लेटाङ नगरपालिका | वडा नं. ६ पाटीखेत क्षेत्र | ४४५मिटर तटबन्धन | |
| २. | लेटाङ नगरपालिका | वडा नं. २ चिसाङ गंगाघाट | ५०० मिटर तटबन्धन | |
| ३. | लेटाङ नगरपालिका | वडा नं. ३ कमलपुर विचको क्षेत्र | ४१५ मि. तटबन्धन | |
| ४. | लेटाङ नगरपालिका | वडा नं. ३ कृतिमान झोलुङ्गे पुल उतरपट्टीको क्षेत्र | ३५० मि. तटबन्धन | |
| ५. | लेटाङ नगरपालिका | वडा नं. ३ कृतिमान विचको क्षेत्र | ४१० मि. तटवन्धन | |
| ६. | लेटाङ नगरपालिका | वडा नं. २ मदनभण्डारी राजमार्गको चिसाङ पुल दक्षीण पश्चिम क्षेत्र | ३३० मि. तटबन्धन | |
| ७. | लेटाङ नगरपालिका | वडा नं. ३ मदनभण्डारी राजमार्गको चिसाङ पुल दक्षीण पूर्व क्षेत्र | ३३० मि. तटबन्धन | |
| ८. | लेटाङ नगरपालिका | वडा नं. ३ क.वे.सी नहर चिसाङ घाट आसपास | ३१० मि. तटबन्धन | चिसाङ पुलमा समेत क्षति हुन सक्ने |
| ९. | लेटाङ नगरपालिका | वडा नं. ८ तेली खेत सिरानको क्षेत्र | ४०० मि. तटबन्धन | |
| १०. | लेटाङ नगरपालिका | वडा नं. ९ पापुगौडा क्षेत्र | ३२५ मि. तटबन्धन | |
| ११. | लेटाङ नगरपालिका | वडा नं. ५ मदनभण्डारी राजमार्गको मोरङ्गी पुल दक्षिण पश्चिमको क्षेत्र | ३१३मि. तटबन्धन | |
| १२. | लेटाङ नगरपालिका | वडा नं. ९ मदनभण्डारी राजमार्गको मोरङ्गी पुल दक्षिण पुर्वको क्षेत्र | २१० मि. तटबन्धन | |
| १३. | लेटाङ नगरपालिका | वडा नं. १ लोखरा पैनी मुहान दक्षिण क्षेत्र | ३८० मि. तटबन्धन | |

- सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङको च.नं.२२३८ मिति २०८२।०३।१७ को पत्रबाट सुनवर्षी न.पा.-१ स्थित डाँस खोलामा बाढीको उच्च जोखिम रहेको हुँदा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वाधार निर्माण र उत्थानशीलता कायम गर्ने लेखी आएकोले सो को व्यवस्थापनका लागि कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना विराटनगर मोरङलाई अनुरोध गर्ने ।